अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या : २१ मिति : २०८०/०४/०९

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**


## अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८०

अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८०

**प्रस्तावना :**

अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले मिति २०८०।०३।१७ गतेको गाउँ कार्यपालिकाको बैठकले देहायको नियमहरु बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम "अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८०" रहनेछ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुने छ ।

**२. अन्नपूर्ण गाँउपालिकामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा दफा ९ पछि देहायका वुदाहरु थप गर्ने ।**

क) ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई सिकिस्त विरामी भई एम्बुलेन्स आवश्यक पर्ने अवस्था आएमा निशुल्क रुपमा सेवा प्रदान गर्ने। यसका लागि उमेर खुलेको ज्येष्ठ नागरिक परिचय पत्र वा नागरिकताको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

ख) दुर्घटनामा परेका बिरामीलाई एम्बुलेन्स आवश्यक पर्ने भए निशुल्क रुपमा सेवा प्रदान गर्ने।

ग) आर्थिक रुपमा विपन्न रहेका र एम्बुलेन्सको खर्च व्यहोर्न आर्थिक हैसियत नभएका भनी वडा अध्यक्षबाट प्रमाणित भई आएका व्यक्तिलाई निशुल्क रुपमा सेवा प्रदान गर्ने।

घ) निशुल्क सेवा प्रदान गर्नका लागि नेपाली नागरिक अनिवार्य हुनुपर्नेछ।

ङ) एम्बुलेन्स पुग्न नसक्ने ठाउँमा सेवा प्रदान गर्नु बाध्यकारी हुने छैन।

च) पहिलो मागकर्ता पहिलो प्राथमिकतामा रहनेछ।

छ) विरामी बाहेक अन्य व्यक्तिहरु सेवा प्राप्तिका लागि योग्य हुने छैनन्।

ज) कर्मचारी र जनप्रतिनिधिहरु बिरामी भई एम्बुलेन्स आवश्यक पर्ने विशेष अवस्था भएमा निशुल्क रुपमा सेवा प्रदान गर्ने ।

राजपत्रमा प्रकाशित मितिः २०८०।०४।०९

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत